*“हरेक क्षेत्रमा सवैको क्रियाशिलता, सवल एवम् सक्षम चन्द्रकोट, भ्रष्टाचारमा शुन्य सहनशीलता”*

# चन्द्रकोट गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम

चन्द्रकोट गाउँपालिका, गुल्मी

चन्द्रकोट गाउँपालिका

तेह्रौं गाउँसभाको पहिलो बैठक

६ असार, २०८०

आदरणीय अध्यक्षज्यू,
सभाका सदस्यज्यूहरु,

सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न नेपालको संविधानले व्यवस्था गरेको संघ, प्रदेश र स्थानीय तहको सरकार मध्ये स्थानीय तह अन्तर्गत पर्ने यस चन्द्रकोट गाउँपालिका गुल्मीको गरिमामय तेहौं गाउँसभाको पहिलो बैठकमा उपस्थित भएका छौं।

सभाका अध्यक्षज्यू
आज म यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। यस घडिमा, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था ल्याउन एवम् स्वतन्त्रताका लागि भएका जनयुद्ध लगायत विभिन्न आन्दोलका क्रममा आफ्नो जीवन आहुति दिनुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली र वेपत्ता तथा घाइते नागरीक प्रति उच्च सम्मान टक्र्याउँछु। हाम्रा अग्रज सम्पूर्ण नेताहरु र आफ्नो अमूल्य मतद्वारा विश्वाश गरी हामीलाई चन्द्रकोट गाउँपालिकाको सेवा प्रवाह र विकासको जिम्मेवारी सुम्पनुहुने सम्पूर्ण चन्द्रकोट गाउँपालिकावासी नागरिकहरु प्रति हार्दिक आभार सहित सम्मान व्यक्त गर्दै विकास र उन्नतिको लागि सक्रिय रुपमा अगाडि बढ्दै प्रभावकारी रुपमा दैनिक सेवा प्रवाह र विकास पथमा लाग्नु भएका सम्पूर्ण सभाका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु लगायत विकासका सरोकारवाला सवैलाई धन्यवाद ज्ञापन गर्दछु।

**"सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी"** भन्ने मुल ध्येयका साथ सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु माझ अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समृद्ध चन्द्रकोट र सक्षम चन्द्रकोट**को लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायसँग साझेदारी तथा समन्वयका साथ विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाह प्रदान गरिनेछ।

गाउँपालिकालाई यस क्षेत्रको एक नमुना गन्तव्यको रुपमा स्थापित गर्ने, विद्यमान समस्याहरुको दीर्घकालीन व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध विकास तथा वस्ति विकासका साथै उत्पादन र लघुउद्यम मार्फत स्थानीय स्तरमा रोजगारी सृजना गर्ने विसषयलाई पहिलो प्राथमिकतामा राखिएको छ।

पालिकाभित्रबाट अन्यत्र बसाईसराइ गरेर जाने जनसंख्या दिनानुदिन बढ्दै गएको र चरम चपेटामा परेको हाम्रो यस पालिकाबाट हुने आन्तरिक र वाह्य वसाइ सराइका कारण हाम्रा गाउँघर सुनसान वस्तीका रूपमा रूपान्तरित हुन थालेका छन्। यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो स्थानीय अर्थतन्त्रलाई अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी **"सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी"** को दृढ संकल्प पुरा गर्नुपर्ने छ। जसका लागि स्थानीय आर्थिक विकासका कार्यक्रम मार्फत आर्थिक गतिशिलता कायम गर्ने विषयलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ। यसका साथै सिमित श्रोत र साधनका बावजुत नागरिकका असिमित चाहनाहरुलाई पूरा गर्दै सार्बजनिक सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति आम समुदायमा ल्याउन र समग्र क्षेत्रमा हामीले प्रदान गर्ने सबै प्रकारका सेबामा प्रभावकारीता अभिबृद्धि गर्नुपर्ने चुनौतिपूर्ण अवस्था रहेको छ।

**अध्यक्ष महोदय**

अव म विकास तथा समृद्धिको लक्ष्य प्राप्तिको मागर्मा हामी सामु रहेका विद्यमान अवसर तथा चुनौतीहरुलाई यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु।

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधान प्रदत्त २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार सहितको अधिकार सम्पन्न स्थानीय तहको निर्माण हुनु र ती अधिकारहरु क्रमशः कार्यान्वयनको चरणमा हुनु।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. पालिका क्षेत्रभित्र भौगोलिक तथा सांस्कृतिक विविधता कायम रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको सन्तोषजनक पहुँच रहनु।
६. विभिन्न पुरातात्विक महत्व बोकेका धार्मिक सांस्कृतिक तथा पर्यटकीय स्थलहरु रहनु।
७. पालिका पहुँच मार्ग अन्तर्गत चोरकाटे शान्तिपुर सडक स्तरबृद्दि हुनु।
८. मुख्य बजार क्षेत्रको रुपमा पालिकाको २ वटा मुख्य बजार शान्तिपुर तथा मजुवा बजार रहनु।
९. देश अथवा विदेशका विभिन्न स्थानमा बसोबास गर्नुहुने व्यक्तिहरु आफ्नो जन्मथलो प्रति जागरुक हुनु।
१०. राजनितिक सहिष्णुता र सामाजिक सद्भाव कायम रहनु।
११. प्राकृतिक श्रोत र साधनको उपलब्धता हुनु।

**विद्यमान चुनौतीहरू:**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१. उत्पादन र उत्पादकत्व बढाउँदै कृषि व्यवसायलाई थप व्यवस्थित बनाउनु।
२. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
३. व्यवसायिक कृषि प्रति युवाको आकर्षण बृद्दि गर्नु तथा कृषि उपजको बजारीकरण गर्नु।
४. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
५. निर्माण भएको पूर्वाधारको मर्मत संभारका लागि विकास आयोजनाहरुलाई उपभोक्ता समितिलाई हस्तान्तरण गरी दिगोपनको शुनिश्चितता कायम गर्नु।
६. भिरालो ठाउँ, बाढी पहिरो तथा संभावित विपद्‌जन्य लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमाहरुमा संभावित विपद् जन्य घटनालाई रोक्नु।
७. व्यवस्थित तथा एकिकृत बस्ति विकास गर्नु।
८. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
९. सञ्चार सेवा प्रदायक संस्थाहरूबाट प्रभावकारी सेवा प्राप्ति र व्यवस्थित गर्नु ।
१०. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ हरुबाट राजश्व संकलनमा बृद्दि गर्नु तथा करका दायरा बढाउदै लैजानु।
११. विभिन्न समयमा गाउँपालिका क्षेत्रमा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**अध्यक्ष महोदय, अव म**

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू प्रस्तुत गर्न चाहन्छु।**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य सम्बद्द कानुनले व्यवस्था गरे बमोजिम स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ। यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै चालु तथा प्रशासनीक खर्चमा समयानुकुल कटौती गर्दै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। गाउँपालिकाको पूर्वाधार विकासको समग्र कार्यलाई उचित व्यवस्थापन गर्नका लागि घर नक्सा पास पश्चात् मात्र संरचनागत भौतिक निर्माणका कार्यहरु गर्ने नीति लिईएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

**अध्यक्ष महोदय अव म चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण यस सभा समक्ष पेश गर्न चाहन्छु**

<u>पूर्वाधार विकास तर्फ</u>

- जिल्ला पूर्वाधार विकास कार्यालयले द्वारा कार्यान्वयन भैरहेको चोरकाटे शान्तिपुर सडक खण्ड अन्तर्गतको करिव १४ किलोमिटर लामो सडक कालोपत्रे गर्ने कार्य सम्पन्न भएको
- गाउँपालिकाका मुख्य बजार क्षेत्र शान्तिपुर तथा मजुवामा नाली व्यवस्थापन योजना संचालन गरिएको,
- पालिकाभित्रका शान्तिपुर- अस्पताल लाईन सडक, शान्तिपुर-टिमुरे सडक तथा शान्तिपुर र मजुवा भित्रीबजारका सडकहरुमा ग्राभेलिङ्ग गर्ने कार्य भैरहेको,
- बस्ती विकासका लागि पूर्वाधार विकास कार्यक्रम अन्तर्गत शान्तिपुरको श्रीलंका टोल र फूलवारी टोलमा ७५० मिटर सडक कालोपत्रे गर्ने कार्य भैरहेको,
- चन्द्रकोट ७ मा रुपाकोट स्वास्थ्य चौकी तथा वडा नं. ५ ग्वाघाको नवनिर्मित भवनबाट सेवा प्रदान गर्ने गरी भवन उद्घाटन गरि सेवा संचालन गरिएको
- गाउँपालिकाको यातायात गुरुयोजना (MTMP) निर्माणको लागि प्रकृया अन्तिम चरणमा रहेको,
- गाउँपालिकाभित्र भू-बर्गीकरण योजना सम्बन्धित समितिबाट स्वीकृत गरी आवश्यक प्रकृयाको लागि नापी विभाग समक्ष पठाईएको
- गाउँपालिकाको मुख्य प्रशासनीक भवन तथा १५ शैय्याको शान्तिपुर अस्पतालको निर्माण कार्य भैरहेको,
- वडा नं. १ को वडा भवनको निर्माण कार्य भैरहेको,
- दिब्रुङ्ग मन्दिरमा प्रदेश समपुरक अन्तर्गत अतिथि आवास गृहको निर्माण अन्तिम चरणमा रहेको,
- वडा नं. ३ मा महिला सामुदायिक भवन तथा वडा नं. ४ मा रेमी सामुदायिक स्वास्थ्य ईकाइ भवन निर्माणाधिन अवस्थामा रहेको निर्माणको क्रममा रहेको,
- वडिगाड खोला तथा हरेवा खोलाबाट हुने संभावित क्षती रोक्न विभिन्न तटबन्धको व्यवस्थापन गरिएको,

- पर्यटन पूर्वाधार अन्तर्गत चन्द्रकोट, अर्जेवा झरना, चन्द्रकोट मन्दिर, टिमुरेताल, पाटेचौर पिकनिक स्पट, सिद्दबाबा मन्दिर, चण्डीस्थान मन्दिर, त्रिवेणी ग्वाघा -शान्तिपुर रोहटेखोला सडक, मजुवा पिपलपाटा किसिकोट भञ्ज्याङ्ग सडकको स्तरबृद्दि लगायतका स्थानमा विभिन्न योजनाहरु संचालन गरिएको,

**सामाजिक विकास तर्फः-**

- गाउँपालिकाको आयोजनामा निशुल्क बृहत स्वास्थ्य शिविर संचालन गरिएको छ,
- विपन्न नागरिकहरुको लागि स्वास्थ्य बीमामा ५० प्रतिशत सहुलियतको लागि अनुदानको व्यवस्था गरिएको,
- सुत्केरी हुनका लागि जिल्ला बाहिर रिफर हुने गर्भवती महिलाहरुको यातायात सुविधाको लागि शत प्रतिशत रकम प्रदान गरी निःशुल्क यातायातको व्यवस्थापन गरिएको,
- दिब्रुङ्ग स्वास्थ्य चौकीमा ल्याव सेवा सुरु गरिएको,
- स्थानीय पाठ्यक्रम निर्माण तथा स्वीकृत गरी सबै विद्यालयमा लागु गरिएको,
- १/१ जना छात्र तथा छात्रालाई तुराङ्ग बहुप्राविधिक शिक्षालयमा कृषि विषयमा निःशुल्क अध्ययनको व्यवस्था गरिएको,
- सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिएको,
- लोकसेवा तथा शिक्षक सेवा प्रति यूवाहरुलाई आकर्षित गर्नका लागि निशुल्क लोकसेवा तथा शिक्षक सेवा तयारी कक्षा संचालन गरिएको,
- गाउँपालिकाको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन शान्तिपुर स्वास्थ्य चौकीमा मेडिकल अफिसरको व्यवस्था गरिएको
- शिक्षकहरुको क्षमता अभिबृद्दिका लागि विभिन्न किसिमका तालिम कार्यक्रमहरु संचालन गरिएको
- लक्षित समुह अन्तर्गत विभिन्न दिवस मनाउने कार्यक्रम सम्पन्न गरिएको,
- महिलाहरुलाई लक्षित गरी विभिन्न किसिमका सिपमूलक तालिम कार्यक्रमहरु संचालन गरिएको
- वालविकास कक्षाहरुलाई वालमैत्री बनाउन र सिकाईको बातावरण प्रभावकारी बनाउन एक हप्ते मन्टेश्वरी तालिम संचालन गरिएको,

**आर्थिक विकास तर्फः-**

- विद्युतीय चुलोलाई प्रोत्साहन गर्न लाभग्राहीलाई अनुदानको व्यवस्था गरिएको,
- गाउँपालिकाभित्रका विपन्न नागरिकहरुलाई सामुदायिक विद्युत उपभोक्ता समितिसँगको सहकार्यमा विपन्न नागरिकलाई निशुल्क विद्युत मिटर वितरण गरिएको,
- रेविज रोग विरुद्द कुकुरहरुलाई भ्याक्सिनको साथै बाख्रामा लाग्ने पि.पि.आर. रोग नियन्त्रणको लागि खोपको प्रवन्ध गरिएको , गाई/भैंसीमा लाग्ने लम्पी स्किन रोगको लागि निशुल्क भ्याक्सिनको प्रवन्ध गरिएको,

- कृषि क्षेत्रको विकासका लागि विभिन्न पकेट क्षेत्रको विस्तार साथै निरन्तरता दिइएको, एक वडा एक उत्पादन कार्यक्रम लागु गरिएको तथा वडा नं. १ मा आलु पकेट क्षेत्र स्थापना गरी आलु उत्पादन गरिएको,
- उद्यमशीलता विकास गर्न गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत विभिन्न वडामा सीपमूलक तालिम तथा सीपको स्तरोन्नति तालिम संचालन का साथै विभिन्न समुहलाई सीप अभिबृद्दिका लागि विभिन्न प्रविधि हस्तान्तरण गरिएको,
- गाउँपालिकाभित्रका किसानलाई लक्षित गरी निशुल्क पशु बीमा तथा पशुस्वास्थ्य शिविर संचालन गरिएको,

<u>वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः-</u>

- पालिकाका विभिन्न स्थानमा बर्गीकृत डस्टविनको व्यवस्था गरिएको,
- बैकल्पिक उर्जाको प्रवर्धनको लागि पालिकाभित्रका विभिन्न स्थानमा चालु आवमा मात्र ८ वटा सौर्य उर्जाको सडक बत्ति जडान गरिएको छ भने हाल सम्म १५ वटा सौर्य उर्जा जडान गरिएको,
- वडा नं. १ को दिब्रुङ्ग स्वास्थ्य चौकी तथा वडा नं. ७ को रुपाकोट स्वास्थ्य चौकीमा सौर्य उर्जा प्रणाली जडान गरिएको,
- नीजि, सार्बजनिक तथा सामुदायिक बनहरुको अभिलेखीकरण कार्यको सुरुवात गरिएको,
- विभिन्न सामाजिक संस्था सँगको सहकार्यमा विद्युतीय चुलो सशुल्क वितरणको प्रवन्ध मिलाईएको,
- टोल विकास समिति तथा वजार व्यवस्थापन समितिसँगको सहकार्यमा टोल तथा बजार सरसफाई कार्यक्रम संचालन गरिएको,

<u>कानुन निर्माण तथा कानुनी मामिला तर्फः-</u>

- स्थानीय सरकार सञ्चाल ऐन २०७४ बमोजिम स्थानीय तहमा रहने गरी वन्नु पर्ने विषयगत समितिहरु गठन गरिएको,
- यस अवधिमा पालिकाको कार्य प्रकृयालाई थप व्यवस्थित गर्न र प्रभावकारी सेवा प्रवाह गर्न विभिन्न ऐन, नियम, कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गरिएको साथै आवश्यक कार्यविधि संशोधन गरी समयानुकुल बनाईएको
- स्थानीय न्यायिक समितिमा ७ वटा उजुरी दर्ता गरीएको तथा विभिन्न वडामा रहेका कुल २१ जना मेलमिलाप कर्ताहरुको सूची अद्यावधिक कार्य सम्पन्न गरी मेलमिलाप कर्ताहरुको लागि २ दिने पुनर्ताजगी तालिम सम्पन्न गरिएको,

<u>सार्वजनिक सेवा तथा संस्थागत विकास तर्फः-</u>

- यस अवधिमा १ गाउँसभा र १६ वटा कार्यपालिका बैठक सम्पन्न भएका,
- गाउँसभा सदस्य तथा कर्मचारीहरुको क्षमता बृद्दिको लागि कानुन निर्माण तथा सभा संचालन सम्बन्धि तालिम सम्पन्न भएको,

- गाउँपालिकाबाट संचालित सबै योजनाहरुको गाउँपालिका स्तरीय योजना अनुगमन समितिबाट स्थलगत अनुगमन सम्पन्न भएको,
- आर्थिक प्रशासन शाखामा विद्युतीय भुक्तानी प्रणाली (EFT) पूर्ण रुपमा लागु गरिएको साथै अनलाईन TDS लागु गरिएको,
- पालिकालाई प्रविधिमैत्री बनाउन सबै वडाहरुमा अनलाईन घटनादर्ताको सुरुवात गरिएको,
- गाउँपालिकाभित्र राजश्व प्रणालीलाई थप व्यवस्थित गर्न हरेक वडा तथा पालिकामा अनलाईन राजश्व प्रणाली स्थापना गरिएको,
- वडा तहमा पुगी योजना संझौता, उपभोक्ता समितिलाई अभिमूखीकरण, जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यक्रम संचालन गरिएको,
- वार्षिक नीति तथा कार्यक्रम र बजेट मार्फत जन केन्द्रित योजना तथा कार्यक्रम समावेश गरिएको,
- समय समयमा विभिन्न सरोकारवालाहरुसँग सार्वजनिक सरोकारका विषयमा छलफल एवम् गोष्ठीहरु संचालन गर्ने गरिएको,
- गाउँपालिकामा गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीको माध्यमबाट पालिकामा हुने जनगुनासोहरुलाई तत्काल सम्बोधनको व्यवस्था मिलाईएको,
- नागरिकहरुसँग प्रत्यक्ष सम्पर्कमा रहि सार्वजनिक सेवालाई चुस्त, छिटो छरितो, पारदर्शी र प्रभावकारी वनाउन निःशुल्क हटलाईन सेवा प्रदान गरिएको,

**सभाका अध्यक्ष महोदय,**

अव म,

"<u>**सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी**</u>" को परिकल्पना गरी अगाडी सारिएको आगामी आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागू भएपछिको चन्द्रकोट गाउँपालिकाको तेह्रौं सभाको पहिलो को यस सम्मानित सभामा प्रस्तावित गर्दछु।

सभाका अध्यक्ष महोदय, अव म

प्रस्तावित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न विकासको परम्परागत शैली र गतिलाई परिवर्तन गर्दै अन्य विविध पक्षका अलवा मूलत शिक्षा, स्वाथ्य, पूर्वाधार विकासका साथै कृषि उत्पादनमा आधारित रही चन्द्रकोट गाउँपालिकालाई "<u>**सवल एवम् सक्षम चन्द्रकोट समृद्ध चन्द्रकोट वासी**</u>" मा रुपान्तरण गर्न सरोकारवाला सम्पूर्ण पक्षसँग हातेमालो गर्दै अघि बढिने छ। साथै अव्यवस्थित वस्ति, भूमिहिन तथा विस्तापित परिवारलाई उपलब्ध विकल्पहरु बमोजिम व्यवस्थापन गरिनेछ।

**अध्यक्ष महोदय,**

अव म विषयक्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु,

**१. आर्थिक विकास क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरु**

**(क) कृषिविकास तर्फका नीति तथा कार्यक्रमहरु**

- **कृषकको उत्पादन गाउँपालिकाको व्यवस्थापन** अन्तर्गत कृषकलाई बजारसँग जोड्न कृषि एम्बुलेन्स संचालन गरी कृषकको उत्पादनलाई पालिकाको सहजिकरणमा बजार संग जोड्ने नीति लिईनेछ।
- मागमा आधारित कृषि विकास कार्यक्रम सञ्चालन गरी युवापुस्तालाई कृषि व्यवसायमा आबद्ध गरी चन्द्रकोट गाउँपालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लगिनेछ।
- बेरोजगार युवाहरुलाई कृषिमा आकर्षित गर्न र स्थानीय स्तरमा नै रोजगारी सिर्जना गर्नका लागि आवश्यक क्षमता विकास सम्बन्धी तालिम,प्राविधिक सीप र सहयोग उपलब्ध गराईनेछ।
- कृषि सेवा क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरणर यान्त्रिकरण गरी गुणस्तरीय कृषि उपज उत्पादन गर्ने, प्रति एकाई उत्पादन लागत तुलनात्मक रुपमा कम गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- कृषकहरुले उत्पादन गर्ने वस्तुको बजारीकरणको लागिन्यूनतम समर्थन मूल्य निर्धारण गर्ने तथा अन्य पालिकाहरु र सरोकारवालासँग समन्वय गरी आवश्यक व्यवस्था मिलाईनेछ।
- कृषि व्यवसायलाई निर्वाहमुखी बाट व्यवसायिकता उन्मुख गराउन उत्पादनमा आधारित अनुदानका कार्यक्रम सन्चालन गरीने छ भने निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन गर्ने नीति अवलम्वन गरिनेछ।
- कृषि वालीमा आकस्मिक मौसमजन्य वाली रोग तथा किरा नियन्त्रणका लागि विषादी खरीद गर्ने तथा परार्मश सेवा दिने व्यवस्था मिलाइनेछ ।
- कृषकलाई सहयोग होस् भन्ने अभिप्रायले ५० प्रतिशत लागत साझेदारीमा कृषिजन्य यन्त्र उपकरण वितरण कार्यक्रम लाई निरन्तरता दिईनेछ
- यस पालिकाभित्रका विभिन्न वडाहरुमा स्मार्ट कृषि गाउँ, चक्लावन्दी तथा थोपा सिचाई कार्यक्रम सन्चालन गरिनेछ।
- कृषकहरुलाई कृषि पेशामा हुने संभावित जोखिम न्यूनीकरणका लागि कृषि वीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषिबाट उत्पादित उत्पादनको खपत वृद्धि गर्न उत्पादित वस्तुलाई प्रशोधन गरी साना उद्योगका रुपमा विकास गर्दै आत्मनिर्भरता उन्मुख गराईनेछ।
- यस क्षेत्रमा उत्पादन हुने कालो भटमास, सेतो भटमास, गहत, सिलाम, भाँगो जस्ता रैथाने वाली प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

**(ख) पशु सेवा तर्फका नीति तथा कार्यक्रमहरु**

- **"पशुहरुमा नश्ल सुधार, उत्पादन वृद्धिको आधार"**भन्ने मूल नाराको साथ चन्द्रकोट गाउँपालिकाका सम्पूर्ण वडाहरुमा पाल्तु गाई र भैसीमा नयाँ प्रविधिमार्फत कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरी दुध तथा मासु उत्पादनमा वृद्धि गरिनेछ।
- पशुधन संरक्षण, महामारी रोग, जुनोटिक रोग नियन्त्रण तथा रोकथामको लागि निःशुल्क खोप कार्यक्रमको व्यवस्थालाई निरन्तरता दिइनेछ।

- पशु सेवा क्षेत्रलाई थप व्यवस्थित गर्न व्यवसायीकरण, आधुनिकीकरणर यान्त्रिकरण गरी गुणस्तरीय पशुपन्छीजन्य वस्तु उत्पादन गर्न र कृषकहरुको आर्थिक अवस्था सुधार गर्नको लागि कृषकहरुको माग अनुसार मागमा आधारित पशुपन्छी विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिका भित्र सहजरुपमा उन्नत घाँस उत्पादन गर्न र घाँसमा आधारित पशुपालनमा जोड दिन  चन्द्रकोट गाउँपालिका भित्रका व्यवसायिक तथा निर्वाहमुखी कृषकहरुलाई अनुदानमा हिउँदे तथा वर्षे घाँसको बिउँ तथा बेर्नावितरण गरिनेछ।
- पशु स्वास्थ्य सेवालाई सरल तथा व्यवस्थित गर्नुका साथै पशुपन्छीहरुको औषधी निःशुल्क रुपमा वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- पशुपालन पेशामा हुन सक्ने जोखिम न्यूनीकरण गर्न पशु वीमा कार्यक्रमलाई प्रोत्साहित गर्दै उक्त कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- पशु सेवा शाखाको पहुच भन्दा टाढा रहेका वस्तीहरुमा निःशुल्क पशु स्वास्थ्य शिविर, डिपीङ्ग, ड्रन्चीङ्ग कार्यक्रम संचालन गरिनेछ।
- पशुपालन पेशामा जोखिमका कारण निरुत्साहित भएका कृषकहरुलाई प्रोत्साहन गर्ने उद्देश्यले पशुपन्छी बिपत्अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कुकुरमा लाग्ने रोग नियन्त्रण तथा खोप कार्यलाई थप व्यस्थित गर्न पशु सेवा केन्द्रमा (case house) निर्माण गरिनेछ।
- चन्द्रकोट गाउँपालिकालाई दुध, अण्डा, कुखुरा र मासुजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लैजानका लागि ठोस कार्यक्रम तय गरिनेछ साथै माछापालन व्यवसायलाई समेत जोड दिइनेछ।
- चन्द्रकोट गाउँपालिकाका विभिन्न स्थानहरुलाई माहुरी पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ।

<u>(ग) श्रम तथा रोजगार</u> तर्फका नीति तथा कार्यक्रमहरु

- बेरोजगार सूचीमा सुचिकृत बेरोजगार ब्यक्तिलाई कार्यस्थलमा आधारित तालिम सहितरोजगारी प्रदान गरिनेछ।
- बैदेशिक रोजगारीलाई थप ब्यवस्थित, मर्यादित, भरपर्दो र सहज बनाउन ब्यक्तिगत श्रमस्वीकृति र पुनः श्रम स्वीकृतिको कार्यसम्बन्धी रोजगार सेवा केन्द्रबाट गरिनेछ।
- गाउँपालिकाभित्र संचालन हुने आयोजनाहरुमा मानव श्रमको प्रयोगमा जोड दिइनेछ।साथै मानव श्रमको कार्यलाई प्रोत्साहन गर्दै लगिनेछ।
- स्थानीय रोजगारी सिर्जना गर्ने प्रकृतिका उत्पादनजन्य उद्योगमा गाउँपालिकाको साझेदारिको नीति अबलम्बन गरिनेछ।
- श्रमिकहरुको हक र हितको लागि विशेष ध्यान दिदै श्रम तथा श्रमिकलाई सम्मान गर्ने नीति लिईनेछ।

(घ) पर्यटन तर्फका नीति तथा कार्यक्रमहरु

- यस गाउँपालिका भित्रका धार्मिक तथा पर्यटकीय स्थलको अभिलेखिकरण गर्दै लगिनेछ भने उल्लेखित क्षेत्रको विकास र प्रर्वर्द्धन गर्न विकास समिति गठन गरी दर्ता प्रक्रियामा ल्याइनेछ।

- कला संस्कृतिको संरक्षण गर्दै स्थानीय स्तरमा सानो लगानीमा आम्दानी बढाउने ध्येयले गाउँपालिकामा रहेको होमस्टेलाई संरक्षण तथा सम्बर्द्धन गर्ने तथा नयाँ होमस्टे गन्तव्यको विकास गर्दै लैजाने नीति लिईनेछ।
- विभिन्न धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय क्षेत्रहरुबाट प्राप्त हुने आम्दानीलाई व्यवस्थित गर्नका लागि समितिहरु गठन तथा दर्ता गरी बैङ्क खातामा आम्दानी बाँधिने छ र आवश्यकताका आधारमा सोही क्षेत्रमा खर्च गर्ने नीति लिइनेछ।
- पर्यटन गुरुयोजना मार्फत पर्यटकीय स्थलहरुको पहिचान, प्रचार-प्रसार सहज पहुँचको लागि पूर्वाधार विकास गर्दै लगिनेछ।
- चन्द्रकोट मन्दिर, चक्रेश्वर मन्दिर, अर्जेवा झरना, झापक पार्क, सिद्धबाबा मन्दिर, टिमुरे ताल, दिब्रुङ्ग दह, दिब्रुङ्ग मन्दिर, सालिमे दह, रुमालवारी, कौडे सत्यवति, वार्जिङ्ग पर्यटकीय क्षेत्र, पाटेचौर, चण्डिस्थान मन्दिर, दुर्गा मन्दिर लगायतका पर्यटकीय क्षेत्रहरुको प्राकृतिक सौन्दर्यीकरणमा विशेष जोड दिइनेछ।

**(घ) <u>सहकारी तथा वित्तीय तर्फका नीति तथा कार्यक्रमहरु</u>**

- सहकारी संस्थाको नियमन तथा व्यवस्थापकीय कार्यलाई प्रभावकारी बनाउन सम्पूर्ण सहकारी संस्थाहरुलाई कोपोमिस (**COPOMIS**)प्रणालीमा आवद्ध गरिनेछ।
- सहकारी संस्थाहरुलाई उत्पादनमूलक कार्यमा लाग्न अभिप्रेरित गरिनेछ।
- आर्थिक विकासको निम्ति छरिएर रहेको स्थानीय पूँजी, श्रम, सीप र स्रोत परिचालन गराउने माध्यमको रुपमा सहकारीलाई विकास गरी आर्थिक रुपमा विपन्न महिला तथा निम्न वर्गका जनताको जीवनस्तर उकास्ने माध्यमको रुपमा सहकारीलाई अगाडि बढाईनेछ।
- पालिकाभित्र कार्यक्षेत्र भएका बहुउद्देश्यीय सहकारीहरुले अनिवार्य रुपमा कम्तिमा वार्षिक एक कार्यक्रम पालिकासँगको लागत साझेदारीमा गर्नुपर्ने नीति लिइनेछ।

**(ङ) <u>उद्योग तथा वाणिज्य तर्फका नीति तथा कार्यक्रमहरु</u>**

- उत्पादन बढाउँदै उत्पादित बस्तुहरुको खपत तथा बस्तुबाट अधिकतम मुनाफा लिदै विभिन्न क्षेत्रमा पालिकाको उत्पादनलाई बढावा दिन कृषिजन्य, उत्पादनजन्य लघु, साना तथा मझौला उद्योग स्थापना र संचालनका लागि समुदायसँग साझेदारी गरिनेछ।
- विभिन्न तह र तप्कामा रहेका विभिन्न किसिमका परम्परागत सीप र उद्योगहरु संचालन गर्ने व्यवसायिहरुलाई व्यवस्थित गर्दै उनिहरुको सीप र क्षमतालाई संरक्षण गर्दै लगिनेछ।
- पालिका क्षेत्रभित्र व्यापार गर्ने प्रयोजनका लागि आउने विभिन्न किसिमका घुम्ती व्यापारीहरुलाई नियमन गर्दै एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने नीति लिईनेछ।

## <u>२. सामाजिक विकास क्षेत्र</u>

### <u>क. शिक्षा</u>

**"शैक्षिकगुणस्तर सुधारमा चन्द्रकोटको ध्यान, शिक्षाको विकासमार्फत समृद्धिको अभियान"**

- यस चन्द्रकोट गाउँपालिकाको स्थानीय पाठयक्रमका आधारमा निर्माण गरिएको आधारभूत तहको कक्षा (१-८)सम्मको पाठ्यपुस्तक छपाई गरी वितरण गर्ने व्यवस्था मिलाईनेछ।
- शैक्षिक सत्र २०८० लाई शैक्षिकगुणस्तर अभिवृद्धि अभियानबर्षका रुपमा विकास गर्न विद्यालय निरीक्षण र सुपरीवेक्षण कार्य तथा शिक्षकको पेशागत क्षमता विकासलाई व्यवस्थित गर्दै लगिनेछ।
- कोभिड-१९ लगायतका कारणबाट भएको विद्यार्थीको सिकाइ क्षति आपुरण तथा द्रुत सिकाइका लागि सिकाइ आपुरणसँग सम्बन्धित विभिन्न क्रियाकलाप, निदानात्मक परीक्षण साधन, शिक्षक स्रोत सामग्रीको प्रयोग र तथ्याङ्क प्रविष्टी लगायतका क्रियाकलाप सञ्चालन र व्यवस्थापनका लागि प्रधानाध्यापक/शिक्षक तथा सरोकारवालालाई अभिमुखीकरण गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ।
- समग्र गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार र व्यवस्थित गर्नको लागि गाउँपालिकाको गाउँ शिक्षा योजना निर्माण गरिनेछ।
- शिक्षक, विद्यार्थी अनुपातका आधारमा शिक्षक दरवन्दी मिलान गर्दै दरवन्दी न्यून भएका विद्यालयमा शिक्षक व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाभित्र सबै सामुदायिक विद्यालयको पाठ्यपुस्तकमा एकरुपता ल्याउन आवश्यक समन्वय, सहकार्य र नियमन गरिनेछ।
- बालबालिकालाई दिवा खाजामा जङ्क फुडलाई पूर्ण रुपमा निषेध गरी अनिवार्य रुपमा स्थानीय अर्गानिक अन्न, तरकारी र फलफूलको प्रयोग गर्ने तथा सोको नियमन गर्ने व्यवस्था मिलाइनेछ।
- विद्यालयको समग्र शैक्षिक व्यवस्थापनप्रति प्रधानाध्यापक तथा विद्यार्थीको सिकाइ उपलब्धीप्रति शिक्षकलाई उत्तरदायी र जवाफदेही बनाउन प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन आधारित सम्झौता गर्ने कार्यलाई अगाडि बढाइनेछ।
- गाउँपालिका क्षेत्रमा रहेका विज्ञ शिक्षकहरु मध्येबाट विषयगत रोष्टर निर्माण गरी विद्यालयहरुमा नमूना कक्षा शिक्षण, विषयगत शिक्षण अनुभव आदान प्रदान र शिक्षकको पेशागत सहयोग तथा पृष्ठपोषणको कार्यक्रम सञ्चालन गरिनेछ।
- 'सचेत अभिभावक, जिम्मेवार विद्यालय व्यवस्थापन समिति; विद्यालयको गुणस्तरीय शिक्षामा हाम्रो जिम्मेवारी' भन्ने आदर्श वाक्यका साथ विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार तथा विद्यालयको व्यवस्थापकीय पक्षमा थप जिम्मेवार बनाउन शैक्षिक जागरण अभियान अन्तर्गत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- शैक्षिक गुणस्तरलाई वृद्धि गर्न हरेक वर्ष अब्बल शिक्षक प्रोत्साहन, उत्कृष्ट विद्यार्थी र उत्कृष्ट विद्यालयलाई सम्मान तथा पुरस्कृत गर्दै जाने नीति अगिंकार गरिनेछ।
- "विद्यालयमा स्वास्थ्यकर्मी" भन्ने मूल नाराका साथ कम्तिमा महिनाको एक पटक विद्यालयका विद्यार्थी तथा शिक्षक कर्मचारीको स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।
- विद्यार्थीको अन्तर्निहित क्षमता तथा प्रतिभाको विकासका लागि गाउँपालिका स्तरीय शैक्षिक महोत्सव तथा अतिरिक्त क्रियाकलापका कार्यक्रम सञ्चालन गरिनेछ।
- 'विद्यालयको शैक्षिक गुणस्तर तथा समग्र विकासमा मेरो सक्रिय सहभागिता, प्रतिवद्धता र पारदर्शिता' भन्ने मूल वाक्यलाई आत्मसात् गर्दै विद्यालयको शैक्षिक तथा प्रशासनिक कार्यलाई थप प्रभावकारी बनाउन प्रधानाध्यापक प्रोत्साहन कार्यक्रमलाई कार्यविधि बनाई व्यवस्थित गरिनेछ।

- विद्यार्थीले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितताका लागि सामुदायिक विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत पुनर्ताजगी तालिम, इमिस तथा वित्तीय सुशासन व्यवस्थापन तालिम, विषयगत गोष्ठी तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- विद्यालयमा सूचना तथा प्रविधिमैत्री शिक्षामा जोड दिदै प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्राथमिकता दिइनेछ।
- सौन्दर्यतापूर्ण विद्यालय, स्मार्ट कक्षाकोठा निर्माणका लागि कक्षाकोठा रङरोगन, विद्यालय रङरोगन र तारवारमा जोड दिइनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि पालिका, शिक्षक, अभिभावक, विद्यार्थी, कर्मचारी वीचअन्तरसम्बन्ध र सहकार्यलाई अगाडि बढाईनेछ।
- विद्यालय, स्वास्थ्यचौकी तथा वडा र पालिकामा समेत विद्युतीय हाजिरीमार्फत उपस्थिति नियमन गर्ने कार्यलाई व्यवस्थित गरिनेछ।
- पालिकाभित्रका विद्यालयमा पढदै, कमाउदै कार्यक्रम संचालनमा ल्याई त्यहीवाट सीपमुलक, कृषि उद्यमी र आत्मनिर्भर हुने नीति लिईनेछ।
- आधारभूत तह देखि नै मूल्यांकन प्रणालीलाई व्यवस्थित गर्न कक्षा ५ र ८ को गाउँपालिकास्तरीय परीक्षा सञ्चालनलाई निरन्तरता दिई थप व्यवस्थित गरिनेछ। साथै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले विद्यालय तहमा निर्दिष्ट गरे अनुसारको मूल्यांकन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ।
- स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, विकास, प्रर्वद्धन र स्तरीयकरणका लागिविद्यालय स्तरमा स्वच्छ प्रतिस्पर्धा गराइनेछ।
- भूगोल तथा विद्यार्थी संख्याको आधारमा विद्यालय गाभ्ने, कक्षा थपघट गर्ने, दरवन्दी मिलान गर्ने कार्यलाई अगाडि बढाइनेछ। साथै गा.पा.बाट सञ्चालित बालविकास र के.जी. कक्षाको समेत उचित व्यवस्थापन गर्ने नीति लिइनेछ।
- चन्द्रकोट गाउँपालिका वडा नं. ८, तुराङ्गमा अवस्थित तुराङ्ग बहुप्राविधिक शिक्षालयमा बालीविज्ञान तथा पशुविज्ञान विषयको प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीमध्ये यस गाउँपालिकाका प्रत्येक वडाबाट एक-एकजना विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाभित्रका सामुदायिक विद्यालयभित्र पठनपाठनको माध्यमभाषा एउटै बनाउने नीति लिइनेछ।
- विद्यालयमा खेल, संगीत तथा योग शिक्षाको विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार एवम् सुधारमा विशेष ध्यान दिइने छ। यसका लागि भौगोलिक रुपमा कठिनाई भएका तथा हालसम्म भौतिक पूर्वाधार कमजोर रहेका विद्यालयलाई प्राथमिकता दिइनेछ। साथै केन्द्र सरकार तथा प्रदेश सरकारसँग समेत समन्वय र सहकार्य गरिनेछ।
- गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यबस्थित गरिनेछ।
- पाठ्यपुस्तक समयमै विद्यार्थीको हातमा पु-याउने व्यवस्था मिलाइनेछ।

**ख. स्वास्थ्य तर्फका नीति तथा कार्यक्रमहरु**

- मानिसको मस्तिष्क विकास तथा स्वस्थ, जिम्मेवार र उर्जाशिल बनाउन पोषिलो आहारा खान प्रोत्साहन गर्दै नियमित गर्भ परीक्षण, आमालाई पोषिलो झोला वितरण कार्यक्रम लाई निरन्तरता दिईनेछ साथै न्युन पोषण तथा कुपोषित बच्चाको पहिचान गरी समयमा नै व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ ।
- गाउँपालिकाको समग्र स्वास्थ्य अवस्थामा सुधार ल्याउन बृहत स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- मातृशिशु स्वास्थ्य अन्तर्गत "**उपाध्यक्ष सँग ए आमा बच्चालाई कस्तो छ**" जस्ता कार्यक्रम संचालन गरिनेछ।
- असहाय र अशक्तहरुका लागि गरीबीको सूचिको आधारमा अति गरीबलाई १००%, मध्यम गरीबलाई ५०% गाउँपालिकाले व्यहोर्ने गरी नागरिकहरुको स्वास्थ्य बिमा गराउने साथैसूचीकृत हुन छुटेकाहरुलाई गरीबीको प्रकार हेरी स्वास्थ्य बिमा गर्ने ब्यबस्थालाई निरन्तरता दिइनेछ ।
- चन्द्रकोट गाउँपालिका भित्रकासुत्केरी आमालाई यातायात खर्च सम्बन्धित स्वास्थ्य संस्थाबाट उपलब्ध गराइनेछ । बर्थिंग सेन्टरमा आई जटिल स्वास्थ्य समस्या भै आमा र नवजात शिशुलाई थप उपचारको लागि प्रेषण गर्नु पर्ने भएमा असहाय, अशक्त परिवारलाई सम्बन्धित ठाउँमा पुऱ्याउने व्यवस्थालाई निरन्तरता दिइनेछ।साथै प्रसुती सेवालाई थप प्रभावकारी बनाउन प्रसुती केन्द्रहरुको संख्या र भौगोलिक संरचनाको आधारमा सेवा प्रभावकारीबनाउदै व्यवस्थापनलाई थप सुधार गर्दै लगिनेछ।
- विद्यालयमा निःशुल्क आँखा जाँच, चश्मा वितरण तथा आँखा अप्रेशन शिविर सन्चालनका लागि निरन्तरता दिइनेछ ।
- वृहत स्वास्थ्य शिविर संचालनको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- दीर्घरोगीलाई प्रदान गरीने सेवालाई निरन्तरता दिइनेछ भने गम्भिर प्रकृतिको रोग लागेका नागरिकहरुलाई आर्थिक सहायताको लागि संघीय सरकारको नीतिलाई अवलम्वन गरिनेछ।
- विभिन्न स्वास्थ्य कार्यक्रमका साथै स्वास्थ्य संस्थाको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई सेवा पुऱ्याउन सन्चालनमा ल्याइएको समुदायमा आधारित सुक्ष्म स्वास्थ्य शिविर, गाउँघर क्लिनिक साथै निःशुल्क औषधि वितरणको कार्यलाई थप व्यवस्थित गरिनेछ ।
- समुदायमा दिन रात नभनि स्वःस्फुर्तरुपमा खटिएका महिला स्वास्थ्य स्वयंसेविकाहरुले दिनु भएको सेवाको उच्च कदर गर्दै आगामी दिनहरुमा वडा स्तरीय मुल्यांकनगर्दै महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई क्रमिक रुपमा सम्मान गर्दै लगिनेछ भने ६०वर्ष नाघेका लामो समयदेखि स्वास्थ्य क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्नु भएका महिला स्वास्थ्य स्वयंसेविका ज्यूहरुलाईसम्मानजनक बिदाईको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- चन्द्रकोट गाउँपालिका अन्तर्गतका स्वास्थ्य सँस्थाहरुमा भौगोलिक विकटता भएका स्वास्थ्य चौकीहरुमा आवश्यकता अनुसार ल्याब सेवा संचालनमा ल्याइनेछ ।
- चन्द्रकोट गाउँपालिका स्थित तुराङ्ग स्वास्थ्य चौकीमा बिरामीको चाप बढ्दै गैरहेको र स्वास्थ्य सेवा थपको लागि मेडिकल अधिकृतद्वारा सेवा संचालन गर्ने व्यवस्था मिलाइनेछ साथै शान्तिपुर स्वास्थ्य चौकी र तुरांग स्वास्थ्य चौकीमा २४ सै घण्टा सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- संस्थागत सुत्केरी गराउन प्रोत्साहन गरी "जिरो होम डेलिभरी वार्ड र गाउँपालिका" घोषणागरिनेछ साथै पोषण मैत्री संस्था तथा पालिका घोषणा गर्ने नीति लिइनेछ ।

- साझा औषधि बिभाग तथा सरोकारवालासँग समन्वय गरी क्रमागत रुपमा स्वास्थ्य चौकीहरुमा साझा औषधि पसल खोल्ने नीति ल्याइनेछ ।

**ग. युवा तथा खेलकुद तर्फका नीति तथा कार्यक्रमहरु**

- हरेक क्षेत्रमा युवा परिचालनको नीति अनुसार युवा नै परिवर्तनको सम्वाहक भएकोले उनीहरुलाई आय-आर्जनमा लगाउन, विकास, विपद् व्यवस्थापन, संस्कृति प्रवर्द्धन लगायत रचनात्मक सहभागिता जनाउन विशेष युवा लक्षित प्रोत्साहन कार्यक्रम अवलम्वन गरिनेछ।
- **"युवाका लागि खेलकुद,राष्ट्रका लागि खेलकुदरस्वास्थ्यका लागि खेलकुद"** भन्ने नाराका साथ यस बर्ष पनि अध्यक्षकप भलिवल लगायत अन्य प्रतियोगिता लाई निरन्तरता दिईनेछ साथै समग्र खेलकुदको विकासमा जोड दिइनेछ।
- युवाहरुलाई रोजगार तथा स्वरोजगार उन्मुख बनाउन विभिन्न किसिमका युवा लक्षित कार्यक्रमलाई विशेष ग्राहयता दिई कार्यक्रम अगाडि बढाइनेछ।
- गाउँपालिका स्तरीय रंगशाला निर्माणको कार्यलाई केन्द्र तथा प्रदेश सरकारसँग समन्वय गरी अगाडि बढाइनेछ।
- गाउँपालिकाभित्रका खेलमैदान पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र संरक्षण गरिनेछ साथै सोका लागि केन्द्र सरकार तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिनेछ।
- समग्र खेल जगतलाई सम्मानको वातावरण मिलाउन र अपनत्व बोधको अवस्था सृजना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सफल खेलाडिलाई सम्मान तथा प्रोत्साहनको नीति लिईनेछ।

**घ. भाषा, संस्कृति, पर्यटन र कला तर्फका नीति तथा कार्यक्रमहरु**

- चन्द्रकोट गाउँपालिका भित्रका परमपरागत संस्कृतिका रुपमा रहेका मारुनी, झ्याउरे, भैलो, देउसी, तीज गीत, चक्रेश्वर मेला, लाखे जात्रा, पञ्चेबाजा, भजन कीर्तन लगायतका लोक संस्कृतिलाई प्रबंर्द्धन गर्ने नीति लिईनेछ।
- समग्र गाउँपालिकाको चिनारीका रुपमा स्थापित यस पालिकाभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक सम्पदा तथा धरोहरहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाभित्रको दलित समुदाय, मगर कुमाल, बोटे आदि अल्पसंख्यक एवम् आदिवासी जनजातिको मौलिक भाषा, कला, धर्म एवम् संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनका कार्यलाई अगाडि बढाइनेछ ।

**ङ. खानेपानी तथा सरसफाई तर्फका नीति तथा कार्यक्रमहरु**

- गाउँपालिकाभित्रका नागरिकले स्वच्छ खानेपानी प्राप्त गर्ने नैसर्गिक अधिकारलाई स्थापित गर्नका लागि "स्वच्छ खानेपानी स्वस्थ्य जीवन" भन्ने नाराका साथ खानेपानी मूहानहरुको स्वच्छता तथा आर्सनिक सम्वन्धी टेष्ट गर्ने कार्यलाई अगाडि वढाईनेछ।
- कोहि पनि नागरिक खानेपानीको पहुँचबाट टाढा हुन नपरोस् भन्ने उद्देश्यले पालिकाभित्रका सबै जनतालाई खानेपानीमा पहुँच स्थापित गर्न प्राथमिकताको आधारमा स्रोत परिचालन गरिनेछ।
- "एक घर एक धारा" कार्यक्रमलाई यसै वर्ष सम्पन्न गरिनेछ ।साथै "एक घर एक धारा कार्यक्रम सम्पन्न भएका समुदायमा मर्मत सम्भार समिति गठन गरी सो समितिमार्फत न्यूनतम प्रयोग शुल्क लिने व्यवस्था गरिनेछ ।
- पालिकाभित्र रहेका खानेपानीका सम्भाव्य स्रोतहरूको पहिचान गरी ग्राभिटि खानेपानीका श्रोतको संरक्षण गरिनेछ।

- बजारको मुख्य स्थान र इलाकाहरुमा फोहोर व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिँदै डम्पिङ्ग साइटलाईथप व्यवस्थित गर्दै लगिनेछ।
- गाउँपालिकाभित्रको सभ्यता बढाउन र प्रत्येक नागरिकहरुलाई जिम्मेबारी बोध बनाउनका लागि प्रत्येक घर परिवारलाई आफ्नो फोहोर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरितगरिनेछ।
- नागरिकहरुले सुलभ रुपमा खानेपानी सुविधा लिन पाउनु पर्छ भन्ने पालिकाको मुख्य अभिप्रायलाई व्यवस्थित रुपमा अगाडी बढाउन र केहि सहुलियत दिनका लागि लिफ्टिङ्ग खानेपानी समितिको विद्युतको बिलमा २५ प्रतिशत छुट दिने नीति लिईनेछ।
- Wash Plan अन्तर्गत एकघर एकधारा पुगेका घरधुरीको संख्याको तथ्याङ्क संकलन गरिनेछ साथै, एकघर एकधारा नपुगेका स्थानमा सोको पूर्ति गर्दै खानेपानीमा सबै चन्द्रकोटवासीको सहज र सुलभ पहुँचको अवस्था सिर्जना गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण जलस्रोतका मूहानहरुलाई पालिकाको स्वामित्वमा लिने नीति लिइनेछ।

**<u>च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u> तर्फका नीति तथा कार्यक्रमहरु**

**<u>महिला तर्फका नीति तथा कार्यक्रमहरु</u>**

- संविधान तथा विभिन्न सम्बद्द कानुनले दिएको अधिकार प्राप्ति गर्दै समाजमा लैङ्गिक समानता कायम गर्नका लागि छोरा छोरी समान हुन भनि छोरा सरह छोरीलाई पनि समान अंश दिने बुवा आमालाई विशेष कार्यक्रमको आयोजना गरी सम्मान गरिनेछ।
- गाउँपालिकाभित्रका सम्पूर्ण महिलाहरुको हकहित संरक्षण, सामाजिक न्याय र एकता कायम गर्दै सवल समाज निर्माण गर्न तथा विभिन्न कार्यक्रम संचालन गर्नका लागि वडास्तरीय र पालिकास्तरीय महिला तथा एकल महिला संजाल गठन गरिनेछ।
- महिलाहरुलाई उद्यमशील बनाउदै सम्पूर्ण महिलाहरुको क्षमता अभिवृद्धिको लागि नेतृत्व विकास, क्षमता विकास, आयमुलक, सिपमुलक, व्यवसायमुलक तथा अनुदानका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।
- सामाजिक, पारिवारीक, लैङ्गिक, साँस्कृतिक, धार्मिक, बर्गीय लगायतका हिंसा पीडित महिलाहरुका लागि नि:शुल्क परामर्श सेवा केन्द्र संचालन गरी महिला हिंसा, घरेलु हिंसा, चेलीबेटी बेचविखनजस्ता जघन्य अपराध विरुद्ध विभिन्न कार्यक्रम तर्जुमा गरिनेछ भने महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक तथा संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गरिनेछ।
- पालिकामा रहेका अति सिमान्तकृत र सिमान्तकृत समुदायका महिलालाई सशक्तिकरण, क्षमता विकास तथा विभिन्न तालिम मार्फत मुल प्रवाहीकरणमा ल्याईनेछ साथै उनीहरुले संचालन गर्ने व्यवसाय करमा छुट दिने नीति लिईनेछ।

**<u>बालबालिका तर्फका नीति तथा कार्यक्रमहरु</u>**

- बालवालिका भविष्यका कर्णधार हुन् र समाज परिबर्तनका शुत्रधार हुन् भन्ने मूल मर्म अनुरुप बालबचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको लागि वडास्तरीय र पालिकास्तरीय बाल संजाल गठन गरिनेछ,
- बालविवाह न्युनीकरणका लागि सरोकारवाला निकायहरुसँग साझेदारी गरी विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ,
- अभिभावकविहिन बालबालिकाको उचित स्याहार सम्भार तथा शिक्षाको व्यवस्थागरिनेछ।
- बालबालिकाहरुको चौतर्फी विकासको लागि बालउद्यान निर्माणको लागि आवश्यक प्रवन्ध गरिनेछ।

- मातृत्व र पितृत्व पत्ता नलागेका अभिभावक विहिन वालवालिकालाई आवशीय अध्ययनको व्यवस्था मिलाईनेछ।

<u>जेष्ठ नागरिक</u> **तर्फका नीति तथा कार्यक्रमहरु**

- लक्षित बर्गका कार्यक्रमहरु अन्तर्गत **"जेष्ठ नागरिक सँग अध्यक्ष कार्यक्रम"** जस्ता कार्यक्रमहरु संचालन गरिनेछ।
- पालिकाको अभियान जेष्ठ नागरिकको सम्मान कार्यक्रम संचालन गरी जेष्ठ नागरिकहरुको ज्ञान सीप र अनुभवको सदुपयोग गर्दै सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ,
- जेष्ठ नागरिकहरु भेला भई आफ्ना अनुभवहरु आदान-प्रदान गर्नका लागि सबै वडामा आवश्यकताअनुसार जेष्ठ नागरिक मिलन केन्द्र निर्माण गर्दै लगिनेछ।
- बृद्द बुवा आमाहरुको अवस्थालाई मध्यनजर गरी उहाँहरुको स्वास्थ्य अवस्थालाई नियमित चेकजाँच गर्नका लागि ७० बर्ष भन्दा माथिका जेष्ठ नागरीकहरुको घरदैलोमा प्रत्येक महिनामा सुगर प्रेसर लगायतका आधारभुत स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिनेछ।

**अपाङ्गता तर्फका नीति तथा कार्यक्रमहरु**

- यस चन्द्रकोट गाउँपालिकाका नागरिकहरु मध्ये अपाङ्गता भएका वर्गको वर्गीकृत तथ्याङ्क अध्यावधिक गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यलाई थप सहज र सर्वसुलभ बनाइनेछ,
- पूर्ण अपाङ्गता भएका व्यक्तिहरुका लागि नि:शुल्क स्वास्थ्य बिमा गर्ने नीतिलाई प्राथमिकता दिईनेछ,
- मध्यम र सामान्य अपाङ्गता भएका व्यक्तिहरुका लागि क्षमता विकास, आर्यआर्जनमुलक र सिपमुलक तालिमहरुको व्यवस्था गरिनेछ,
- अति अशक्त अपाङ्ग भएका नागरिकहरुको परिचयपत्र लगायतका नीजले प्राप्त गर्ने विभिन्न सेवा सुविधा घरबाटै पाउने व्यवस्था मिलाईनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि जिवन यापनमा सहजता ल्याउन र दैनिक क्रियाकलापमा सहयोग पुऱ्याउने उद्देश्यले आवश्यकताका आधारमा विभिन्न प्रकृतिका सहायता सामाग्री वितरण गरी सहजता प्रदान गरिनेछ।
- अपाङ्गता हुनु पूर्व जन्मको फल नभई शारिरीक र मानसिक असहजता हो भन्ने मूल मर्मलाई ध्यान दिदै अपाङ्गताको अधिकार र क्षमता विकास विषयमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ।

**लक्षित वर्ग तर्फ**

**दलित वर्ग तर्फका नीति तथा कार्यक्रमहरु**

- दलित समुदायको हकहित र अधिकार संरक्षणका लागि वस्ति स्तरबाट आवाज बुलन्द हुन सक्ने अवस्थाको श्रृजनाका लागि वडास्तरीय र पालिकास्तरीय दलित समन्वय समिति गठन गरिनेछ।
- दलित समुदायको सामाजिक आर्थिक सक्षमता र अर्थोपार्जनमा बढोत्तरीका लागि परम्परागत ज्ञान र सिपलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ।
- समाजमा रहेका सबै प्रकारका दलित वर्गको समष्टिगत उत्थानका लागि मागमा आधारित विभिन्न कार्यक्रम संचालन गरिनेछ।

- समाजमा रहेको जातीय विभेद, छुवाछुत, जातीय आधारमा हुने विभिन्न किसिमका हिंसा, बर्गीय आधारमा गरीने विभेदलाई निरुत्साहित गर्दै चन्द्रकोटको अभियान, समतामूलक समाज निर्माण को नारालाई पूरा गर्न गर्न विभिन्न किसिमका सचेतनामूलक कार्यक्रम तथा अभियानहरु संचालन गरिनेछ।

**आदिवासी जनजाती वर्ग तर्फका नीति तथा कार्यक्रमहरु**

- आदिवासी जनजाती वर्गको हकहित संरक्षण गर्दै उनिहरुको अधिकारलाई स्थापित साथै विभिन्न कार्यक्रम संचालनका लागि वडास्तरीय र पालिकास्तरीय आदिवासी जनजाती समन्वय समिति गठन गरिनेछ,
- आदिवासी जनजाती वर्गको दक्षता लगायतका समग्र विकासका लागि सिपमुलक, आयमुलक, क्षमता विकास तथा सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ।
- पालिकाभित्रका सिमान्तकृत जाती कुमाल, माझि र बोटे समुदायमा शिक्षाको महत्व बढाउँदै शैक्षिक थलोमा ल्याउने र उनिहरुलाई कक्षामा टिकाई अध्ययनको सहज बातावरण सृजना गर्नका लागि उक्त समुदायबाट कम्तिमा कक्षा १२ उत्तीर्ण गरेका विद्यार्थीहरुलाई सम्मान र प्रोत्सानका कार्यक्रमहरु संचालनमा विशेष पहल गरिनेछ।
- समुदायका लागि एकिकृत बस्ती विकास अभियान अन्तर्गत पालिकाका बोटे, माझी, कुमाल समुदायको एकीकृत वस्ती विकास कार्यक्रम अगाडि बढाउने नीति ल्याइनेछ।

**छ. पञ्जिकरण/सामाजिक सुरक्षा तर्फका नीति तथा कार्यक्रमहरु**

- नागरिकको जन्म भैसकेपछि सबै प्रकारका घटना दर्ता गराउने कार्यलाई थप व्यवस्थित गर्दै लैजान सबै नागरिकको व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाईन घटना दर्ता प्रणालीमा आबद्ध गरिनेछ।
- व्यक्तिगत घटना दर्तामा सबै नागरिकको पहुँच पुऱ्याउन साथै समयमै व्यक्तिगत घटना दर्ता गर्ने कार्यको विकास गर्न **"आठ वडा आठ दिन व्यक्तिगत घटना दर्ता एकैछिन"** अभियान कार्यक्रम संचालन गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई थप व्यवस्थित गर्न सम्बन्धित निकायसँगको सहकार्यमा विद्युतिय भुक्तानी प्रणाली मार्फत सोझै लाभग्राहीको खातामा रकम प्रविष्ट हुने व्यवस्था मिलाईनेछ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रकृयालाई सुदृढीकरण गर्नका लागि कर्मचारीको क्षमता विकास कार्यक्रम संचालनमा ल्याईनेछ।

**३. भौतिक पूर्वाधार तर्फका नीति तथा कार्यक्रमहरु**

**क. सडक तथा पुल तर्फका नीति तथा कार्यक्रमहरु**

- गाउँपालिकाको यातायात क्षेत्रलाई व्यवस्थित गर्न र सडकको अवस्था र यस क्षेत्रमा गर्नुपर्ने लगानी एबम् विकासका लागि सहजता ल्याउन गाउँपालिकाको यातायात गुरुयोजना (RMTMP) लागु गरीने छ ।
- पालिकाभित्रका सबै क्षेत्रमा नयाँ सडक विस्तार गर्दा हुने लाभ तथा क्षतिलाई मापनयोग्य बनाउन नयाँ बाटोको ट्रयाक खोल्नु अघि पूर्वाधार विकास समितिको स्थलगत अनुगमन गराई गाउँपालिकाबाट अनिवार्य रुपमा सिफारिस लिनुपर्ने व्यवस्था मिलाइनेछ।
- पालिकाभित्र कुनै पनि प्रकारका नयाँ सडक निर्माण गर्दा अनिवार्य रुपमा नाली तथा भौतिक संरचना (Structure) निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्र रहेका सडक सञ्जालको स्तरोन्नती गर्दै लगिनेछ भने नापी कार्यालयको सहकार्यमा सडक संजालको लगत कट्टाको व्यवस्था मिलाइनेछ ।

- यस पालिकाको चन्द्रकोट-शान्तिपुर-टिमुरे ,शान्तिपुर-भिर्खानी-भन्ज्याङ्ग-दिब्रुङ्ग, मझुवा पिपलपाटा-किसिकोट, मझुवा-रुपाकोट, सरांङ्ग-दिब्रुङ्ग-दह-अर्जेवा रिङ्गरोड, डकुवा-बौसदी-एक्लेपिपल-बर्बोट-ठुलापोखरा-सिद्धबाबा-भार्से सडकलाई गाउँपालिका स्तरीय गौरवको योजनाको रुपमा लिइनेछ ।
- त्रिवेणी ग्वाघा- शान्तिपुर-भञ्ज्याङ्ग-अर्जेवा हुदै आँपचौर सडक, शान्तिपुर-रोटेखोला सडक, गौडाकोट-जुभुङ्ग -मजुवा-गेखुंङ्ग-शान्तिपुर-ग्वाघा-फोक्सिंङ्ग, शान्तिपुर-हर्राचौर-बलिवाङ-सिन्दुघसे सडकलाई स्तरीय गराउन प्रदेश सरकार र नेपाल सरकारसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- पालिकाभित्र संचालन हुने हरेक योजना कार्यान्वयन गर्न सहजता होस भनि स्थानीय जनशक्ती प्रयोगमा ल्याउन डकर्मीतथा सिकर्मी तालिम तथा उपभोक्ता अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिकाको सडक गुरुयोजना अनुसार पालिका स्तरीय वाटोको मापदण्ड निर्धारण गरी व्यवस्थित सडक विकास कार्य अगाडि बढाईने छ ।
- गाउँपालिका भित्रका सम्पूर्ण सडकहरुको संरक्षण र दीगोपनाका लागि सडकको दायाँ बायाँ नालीको व्यवस्थापन गर्दै लगिनेछ ।
- पालिकाका बस्तीहरुमा एक ठाउँ देखि अर्को ठाउँ सम्म सहज आवागमनका लागि स्थापित झोलुङ्गे पुलको संरक्षण र आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्दै लगिने छ ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता स्रोत साधनको प्रयोगमा पूर्वाधार निर्माणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- बहुवर्षीय तथा गाउँपालिका स्तरीय ठूला तथा गौरवका योजना निर्माणमा आवश्यक पर्ने श्रोतको व्यवस्था गर्न प्रदेश तथा संघीय सरकार संग समन्वय गरिनेछ ।
- विकसित र विस्तारित हुदै जाने सबै प्रकारका पूर्वाधार संरचनाहरुको दीगोपना लागि आवश्यक सुरक्षाको व्यवस्था मिलाईनेछ ।
- भौतिक पूर्वाधार निर्माण कार्यहरु र खरिद प्रणालीलाई प्रतिस्पर्धी र पारदर्शी बनाउन विद्युतीय ठेक्का प्रणालीलाई प्राथमिकता दिईनेछ।
- पालिका भित्र संचालन हुने भौतिक पूर्वाधार (जस्तैः सड्क) निर्माण गर्दा निस्कने सामान्य निर्माणजन्य सामग्री (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल) ले एकातर्फ प्राकृतिक विपद् निम्ताउने र खेर जाने अर्कोतर्फ अन्य योजनामा त्यस्ता सामग्रीहरु अभाव हुने हुँदा राजस्व संकलनमा विशेष व्यवस्था गरी त्यस्ता सामग्री पालिकाभित्र संचालन हुने योजनामा प्रयोग हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका साना-ठुला सडक, नाली निर्माण लगायतका भौतिक संरचना निर्माणको हकमा DPR तयार तयार गर्दै लगिनेछ साथै यस्ता योजना निर्माण गर्नको लागि प्रदेश र संघीय सरकार संग पहल गरिनेछ ।
- रुद्रवेणी-वामी सडकखण्ड अन्तर्गत यस पालिकाभित्र पर्ने चोरकाटे-मजुवा-गेदिखोला सम्मको सडक खण्डलाई स्तरोन्नती गर्दै लगिने नीति अवलम्बन गरिनेछ।
- हालै मात्र कालोपत्रे सम्पन्न भएकोचोरकाटे-रुपाकोट-शान्तिपुर सडक खण्डमा मर्मत संभार तथा सडकमा हुन सक्ने पहिरो नियन्त्रण एबम् सौन्दर्यकरणका लागि वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ।

- शान्तिपुर-क्वाङ्दी-खादिकोट-भार्से-ग्वाघा सडक,शान्तिपुर- चिसापानी- नेटापोखरा- बरेङ्ग मोटरबाटो तथा शान्तिपुर-धामिगाडे-हर्राचौर-झारखर्क-सुखौरा, पुलकामुख-कालिकागाउँ-झुर्म-सल्यार मोटरबाटो स्तरोन्नती गर्दै लगिनेछ।
- गाउँपालिकाको समग्र भौतिक विकासका लागि मार्गदर्शनका रुपमा रहेको पालिकाको आवधिक योजनालाई अद्यावधिक गर्दै लगिनेछ। साथै चन्द्रकोट गाउँपालिकाको मध्यमकालीन खर्च संरचना समेत निर्माण गरिनेछ।
- निर्माण सम्पन्न भएका विभिन्न पूर्वाधार सँग सम्बन्धित विभिन्न आयोजनाहरुको संरक्षण र सम्वर्द्धनगर्न सम्बन्धित उपभोक्ता समितिलाई जिम्मेबार बनाउने उद्देश्यले क्रमशः योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै लगिनेछ।

ख. **सिंचाई तथा तटबन्ध तर्फका नीति तथा कार्यक्रमहरु**

- गाउँपालिकामा रहेका हरेक प्रकारका कुलो तथा बाँध संरक्षण गरी लाभ हासिल गर्नका लागि संरक्षणको नीतिलाई आत्मसाथ गरीने छ ।
- सिचाई सुविधा कम भएका क्षेत्रमा साना सिचाईका लागि पोखरी कुलो निर्माण थोपा सिचाई सिमेन्ट पोखरी/प्लास्टिक पोखरी जस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ।
- परम्परागत ढंगले सिंचित भई आएका कूलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढाइनेछ।
- जल श्रोतको संरक्षण तथा सौन्दर्यकरण बढाउनका लागि एक वडा एक रिचार्ज पोखरी निर्माण गर्ने नीति लिइनेछ।
- सिँचाई योजनाबाट उत्पादन र उत्पादनकत्वमा बृद्दि गर्ने उद्देश्यले सिंचाई क्षेत्रका साना, मझौला र वृहत सिंचाई योजनाहरुको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ ।
- चन्द्रकोट गाउँपालिका अन्तर्गत विभिन्न वडामा नदीले क्षति पुऱ्याएका विभिन्न स्थानमा थप क्षति हुन नदिन नदी तटबन्ध कार्यलाई निरन्तरता दिइनेछ।

ग. **भवन तथा सहरी विकास तर्फका नीति तथा कार्यक्रमहरु**

- गाउँपालिकाको मुख्य प्रशासनिक भवन र १५ शैयाको शान्तिपुर अस्पताल निर्माणलाई सम्पन्न गर्ने कार्यलाई तिव्रता दिइनेछ।
- गाउँपालिका भित्रका विद्यालयको आवश्यकता अनुसार भवन निर्माण कार्यलाई निरन्तरता दिईनेछ। साथै आवश्यक स्थानमा सामुदायिक भवनहरु निर्माण गर्दै लगिनेछ ।
- निर्माण हुने भवनलाई व्यवस्थित बनाउनका लागि भवन निर्माण आचारसंहिता बनाई कार्यान्वयन गर्दै लगिने छ ।
- सुरक्षित आवासबाट बञ्चित नागरिकहरुको लागि सुरक्षित नागरिक आवास कार्यक्रम संचालन गरी घर निर्माण गरी हस्तान्तरण गरिनेछ साथै आम नागरिक, जनता आवास कार्यक्रम, नेपाल सरकार र गैर संघसस्थासंग साझेदारी गरिनेछ।
- एकीकृत वस्ती विकासको कार्यक्रमलाई अगाडि सारिनेछ साथै वस्ती विकासको लागि पूर्वाधार विकास कार्यक्रमलाई अगाडि बढाइनेछ।

घ. <u>उर्जा तर्फका नीति तथा कार्यक्रमहरु</u>

- क्रमश विद्युतीय उर्जा प्रयोग गर्दै लैजाने नेपाल सरकारको नीति बमोजिम नागरिकको समेत लगानी हुने गरी विद्युतीय चुलो संचालन कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बैकल्पिक उर्जालाई प्रवर्धन गरी यसको प्रयोग बढाउँदै लैजाने र बैकल्पिक उर्जाबाट अधिकतम रुपमा लाभ लिने उद्देश्यले गाउँपालिकाको मुख्य वस्ती क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ।
- जलविद्युत तथा सौर्य उर्जाको प्रयोग गरी यसै आर्थिक वर्षमा सबै नागरिकको घर घरमा विद्युतको पहुँच पुऱ्याई उज्यालो चन्द्रकोट गाउँपालिका घोषणा गर्ने नीति लिईनेछ।
- गाउँपालिका क्षेत्रभित्र विद्युत आपुर्तीलाई नियमित, व्यवस्थित र स्तरवृद्धि गर्न सामुदायिक विद्युतीकरण उपभोक्ता समूह (शान्तिपुर, मजुवा र दिब्रुङ) सँग समन्वय गरी आवश्यक कार्य अघि बढाइनेछ।
- बजार क्षेत्रमा समुदायको समेत सहलगानीमा सडक बत्तीलाई टोल विकास संस्था मार्फत व्यवस्थित हुने गरी अगाडि बढाइनेछ।

४. <u>सार्वजनिक सेवा प्रवाह तथा सुशासन तर्फ</u> तर्फका नीति तथा कार्यक्रमहरु

क. <u>सेवा प्रवाह तथा सुशासन</u> तर्फका नीति तथा कार्यक्रमहरु

- "<u>सेवाको वरिपरि जनता होइन जनताको वरिपरि सेवा</u>" भन्ने अवधारणालाई आत्मसाथ गर्दै समय-समयमा वडामा एकिकृत घुम्ती सेवा कार्यक्रम सञ्चालन गरिनेछ भने गाउँपालिका मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा "नागरिक मुस्कुराउने सेवा" अभियान संचालन गरिनेछ।
- सार्बजनिक सेवालाई बस्तुनिष्ठ र प्रभावकारी बनाउनका लागि पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सार्वजनिक सेवा प्रवाहको प्रवन्ध मिलाइने छ।
- सहजरुपमा सेवा प्रदान गर्ने तथा पारदर्शि सेवा प्रवाहको सुनिश्चितता कायम गर्दै जवाफदेहिता, उत्तरदायित्व, नागरिक मैत्री बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतीय शासन जस्ता सेवा प्रवाहका नवीनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ।
- सुशासन कायम गर्ने साधनको रुपमा रहेका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धितर्फ विशेष जोड दिईने छ भने विषयगत समितिका सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ।
- सार्बजनिक सेवा प्रवाह हुने प्रवेश विन्दु वडा कार्यालय रहेको हुँदा वडाबाट प्रदान गरीने सेवाप्रवाहलाई थप प्रभावकारी, सूचना प्रविधिमैत्री बनाईने छ।
- गाउँपालिका तथा वडा कार्यालयहरुको संस्थागत क्षमता अभिवृद्धि र क्षमता विकास कार्यक्रम मार्फत सेवा प्रवाहलाई थप गुणस्तरीय बनाइने छ।
- गाउँपालिकामा रहेको नागरिक सहायता कक्षलाई थप व्यवस्थित गरिनेछ भने वडा कार्यालयहरुमा समेत नागरिकसहायता कक्षको अवधारणा क्रमशः लागु गरिनेछ।
- कार्यसम्पादनमा गुणात्मक सुधार ल्याउन कर्मचारीहरुको कार्यउत्प्रेरणा र मनोबल वृद्धि गर्न विभिन्न मौद्रिक र गैरमौद्रिक उत्प्रेरणाका कार्यक्रमहरु ल्याइने छ।
- खर्चमा मितव्ययीता ल्याउन साथै पूर्वाधार विकास गर्नका लागि प्रशासनिक तथा चालु प्रकृतिका खर्चहरुमा कटौती गरी पूँजीगत खर्च वृद्धि गर्दै लगिनेछ।

- सूचनाको हकको प्रत्याभूति गर्न गराउनका लागि कार्य प्रगति समेटिएको ई-बुलेटिन प्रत्येक त्रैमासिक रुपमा प्रकाशन गरिनेछ। साथै गाउँपालिकाबाट पारित विभिन्न ऐन तथा कानूनहरुलाई गाउँ कार्यपालिकाको वेवसाइटमा अद्यावधिक गर्दै लगिनेछ।
- सुशासन प्रवर्द्धन कार्यालय संचालन, प्रभावकारी सेवा प्रवाह तथा विभिन्न विकास अनुभव एवं सहयोग आदान प्रदानका लागि विभिन्न स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ।
- नागरिकहरुको गुनासोहरु गुनासो सुन्ने अधिकारी मार्फत् तत्कालै सम्बोधन गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ भने सूचना अधिकारीको माध्यमबाट सूचनाहरुलाई सार्वजनिकीकरण गरिनेछ। साथै सेवाग्राही सन्तुष्टि सर्वेक्षणको कार्य यसै वर्षदेखि प्रारम्भ गरिनेछ।
- सार्बजनिक सेवा प्रवाह र शुसासनलाई आफ्नो मुख्य कर्म मान्दै कर्मचारी र जनप्रतिनिधिहरु जनताका सेवक हुन् भन्ने अनुभूति हुनेगरी सेवा प्रवाहको व्यवस्था मिलाइनेछ।
- बर्षात्को समय अगावै योजना सम्पन्न गर्ने वातावरण मिलाउन तथा पुँजिगत खर्च बृद्धि गर्न समयमै उपभोक्ता समिति गठन गर्ने, योजना सम्झौता गर्ने/गराउने, फरफारक गराउने वडालाई उत्कृष्ट वडाको रुपमा घोषणा गरिनेछ।
- योजना निर्माणको कार्यलाई सरल, सहज र गुणस्तरीय बनाउन उपभोक्ता समिति गठन प्रकृया, योजना सम्झौता, कार्यमा गुणस्तरीयता साथै फरफारको कार्यमा आम नागरिकलाई सहजता प्रदान गर्न अभिमुखीकरणका कार्यक्रम संचालन गरिनेछ।

**ख. <u>तथ्याङ्क अभिलेख</u> तर्फका नीति तथा कार्यक्रमहरु**

- कुनै पनि योजना तथा कार्यक्रम संचालन गर्नु पूर्व त्यसको यथार्थ तथ्याङ्क आवश्यक पर्ने हुँदा यसको व्यवस्थापनका लागि गाउँपालिकाको अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।
- गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक, पुरातात्विक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरीने छ भने गाउँपालिकाको मुख्य पर्यटकीय स्थलहरुको चिनारी समेटेर "हाम्रो चिनारी" नामक बुकलेट प्रकाशन गरिनेछ।

**ग. <u>मानव संशाधन व्यवस्थापन</u> तर्फका नीति तथा कार्यक्रमहरु**

- काम गर्ने वातावरणलाई दिगो बनाउन र जनशक्तीहरुबाट अधिकतम लाभ लिनका लागि गाउँपालिकामा कार्यरत मानव संशाधनको क्षमता अभिवृद्धि क्रियाकलापहरु सञ्चालन गरिनेछ।
- पालिकामा रहेको संगठन संरचना अनुसार दरबन्दीहरु रिक्त रहेको र सो को कारण सार्बजनिक सेवा प्रवाहमा विभिन्न समस्या उत्पन्न भएको हुँदा सङ्घीय तथा लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरी कर्मचारीको रिक्तता पूर्ति गर्ने व्यवस्था मिलाइनेछ।
- पालिकाभित्र कार्यरत कर्मचारी, शिक्षक तथा स्वास्थ्यकर्मी एवम् जनप्रतिनिधिहरु वीच विभिन्न दिवसहरुको अवसरमा विभिन्न किसिमका मैत्रीपूर्ण खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- यस पालिका तथा मातहतका वडा कार्यालय तथा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा स्वास्थ्यकर्मीहरुको गाउँपालिकाभित्र वडा तथा स्वास्थ्य संस्थामा आन्तरिक सरुवा प्रणाली विकास गरिनेछ।
- कर्मचारीलाई कार्यसम्पादनमा जोड्नका निम्ति कार्यसम्पादनमा आधारित सूचकको आधारमा प्रोत्साहन भत्ताको व्यवस्थालाई निरन्तरता दिईनेछ।

घ. राजस्व तर्फका नीति तथा कार्यक्रमहरु

- व्यवसायमा प्रगतिशील कर प्रणाली लागु गरी प्रभावकारी रुपमा कर संकलन गरिनेछ। साथै व्यवसाय दर्ता प्रक्रियालाई सहज एवम् सरल बनाइ सबै व्यवसायलाई अनिवार्य दर्ता प्रकृयामा ल्याईनेछ।
- गाउँपालिकाको आन्तरिक आम्दानीको श्रोतको रुपमा रहेको राजश्व संकलनलाई थप प्रभावकारी बनाउन थप नीतिगत व्यवस्था गरिनेछ।
- राजश्वको दर होईन दायरा बढाउँ भन्ने प्रमुख नीतिका साथ स्थानीय राजश्वको दायरा विस्तार गर्दै लैगिनेछ।
- उपलब्ध प्राकृतिक स्रोत साधनको उपयोग गरी राजश्व संकलन वृद्धि गर्दै आन्तरिक आम्दानीमा वृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रमहरु संचालन गर्दै लगिने छ।
- नागरिकलाई मैले तिरेको कर मेरै विकासका लागि हो भन्ने कुराको अनुभूति दिलाउन करदाता सेवा कार्यालयको समन्वयमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
- राजश्वका क्षेत्रहरुबाट प्राप्त हुने आम्दानीका आधारमा वडाहरुमा निश्चित प्रतिशत रकम विनियोजन गरी एकीकृत योजना संचालन गरिनेछ।
- पालिकाभित्र संकलन हुने सबै प्रकारका कर तथा गैरकर राजश्वलाई सूचना प्रविधिको प्रयोग गरी व्यवस्थित गरिनेछ।
- पालिकाभित्र उत्पादन हुने विभिन्न प्रकारका रैथाने बालीबाट उत्पादित पेय पदार्थलाई प्रोत्साहन गर्न साझेदारीको नीति अवलम्बन गरिनेछ।

ङ. सार्वजनिक सम्पत्ति संरक्षण तर्फका नीति तथा कार्यक्रमहरु

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो तर्फ सवैलाई शिक्षित गर्दै लगिनेछ।
- गाउँपालिका, वडा कार्यालय, विद्यालय लगायतका सार्वजनिक निकायहरुका चल अचल सम्पत्तिहरुको एकिकृत अभिलेख तयार गरिनेछ भने सामुदायिक वन सँगको सहकार्यमा सामुदायिक वनहरुसँग भएका जग्गाहरुको समेत लगत राखिनेछ।
- सार्वजनिक सम्पत्तिमा क्षति पुर्‍याउनेलाई कानुनको दायरामा ल्याइनेछ साथै सार्वजनिक सम्पत्तिको क्षतिलाई न्यूनीकरण गर्न सुरक्षा निकायको समन्वयमा सचेतना सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

शान्ति सुरक्षा तर्फका नीति तथा कार्यक्रमहरु

- नागरिकमा शान्तिसुरक्षा गर्न र आपराधिक गतिविधी नियन्त्रण गरी सामाजिक अमन चयन कायम राख्नका लागि गाउँपालिकाभित्रका मुख्य बजार क्षेत्रमा सिसिटिभि क्यामेरा थप गरिनेछ।
- पालिकाभित्र हुने लागुऔषध नियन्त्रणका लागि लागु औसध नियन्त्रण अभियान संचालन गरिने छ।
- सार्बजनिक यातायात र निजी यातायात संचालन गर्ने चालक, सहचालक तथा सवारी धनीका लागि सवारी चालन तथा व्यवहार सम्बन्धी नैतिक शिक्षा प्रदान गरिनेछ।
- सबै प्रकारका हिंसा तथा घरेलु हिंसा नियन्त्रण गर्न परिवार, समुदाय तथा प्रहरीसँग हातेमालो गरीने छ।

च. सूचना प्रविधि/संचार तर्फका नीति तथा कार्यक्रमहरु

- गाउँपालिका प्रविधिमैत्री बनाउन र कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी र गुणस्तरीय बनाउन प्रविधिको प्रयोगमा जोड दिइनेछ।

- "प्रविधिको प्रयोग, डिजिटल साक्षरता हाम्रो अभियान" कार्यक्रम संचालन गरी डिजिटल साक्षरता कार्यक्रम संचालन गरिनेछ।
- सेवाग्राहीको लागि जारी गरीने नागरिक वडापत्रलाई अद्यावधिक गरी सबै तह र वर्गको पहुँचमा पुऱ्याउनको लागि सूचना बोर्ड, सामाजिक संजाल तथा वेवसाइट मार्फत जानकारी गराई नागरिकको सूचनामा सहज पहुँच गरिनेछ साथै गाउँपालिकाको हरेक सूचना तथा समाचार, वार्षिक कार्यक्रम, वडा कार्यालयको विवरण, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदन, आय-व्यय विवरण, सार्वजनिक सुनुवाई, ऐन, कानुन तथा निर्देशिका, कर तथा शुल्कहरुको विवरण वेवसाइटमा राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमका वित्तीय जोखिम न्यूनीकरणको लागि निर्माण र खरिद प्रकृयालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन वार्षिक खरिद योजना गराई E-Bidding लाई प्रभावकारी रुपमा संचालनलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयहरुमा संचालनमा रहेका विद्युतीय हाजिरी प्रणाली थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- योजनाहरुको संचालन कार्यलाई व्यवस्थित गर्दै लैजान योजना व्यवस्थापन प्रणाली सफ्ट्वेयरहरु संचालनमा ल्याइनेछ भने राजश्व संकलन सफ्टवेयर प्रणालीलाई सुत्र (SuTra) मा आवद्द गरिनेछ।
- सरकारी निकायले प्रयोगमा ल्याएको सफ्टवेयर तथा एप्सहरुलाई एकीकृत गरी सरकारी सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइनेछ।
- सेवा प्रवाहलाई थप नागरिक मैत्री बनाउन गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीको विवरण तथा शाखा जिम्मेवारी खुल्ने कर्मचारी डिजिटल बोर्ड राखिनेछ।
- सुसासन प्रबर्धन गर्नु गाउँपालिकाको मुख्य लक्ष्य रहेको र उक्त कुरालाई प्रविधि सँग जोडि सूचना तथा संचार प्रविधिको प्रयोगबाट समेत सुशासन प्रवर्द्धन गरिनेछ।
- विद्यालयमा ईमेल ईन्टरनेटको प्रयोगबाट सिकाई वातावरण सहज तुल्याउनका लागि गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेटको पहुँच पुऱ्याइनेछ।
- संचार सेवा प्राप्त गर्ने पालिकाबासिको अधिकार लाई शुनिश्चित गर्न गाउँपालिका भित्र दूर संचार सेवाको विस्तार का लागि सम्बन्धित निकायसँग पहल गरिनेछ।
- गाउँपालिका भित्र संचालित नेट सेवा प्रदायकहरुलाई सूचीकृत गरिनेछ।
- सुचनाको पहुँचबाट कोहि नागरिक बञ्चित हुन नपरोस् र सत्य र तथ्य सुचना समाचार प्राप्त गर्ने नागरिकको अधिकारलाई शुनिश्चित गर्न संचार कर्म गरी सेवा प्रवाह गर्ने सञ्चारमाध्यम र सञ्चारकर्मीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।
- विभिन्न सामाजिक संजाल तथा इन्टरनेटको माध्यमबाट हुने सुरक्षालाई मध्यनजर गर्दै विद्युतीय अपराध नियन्त्रणको नीति अवलम्वन गरिनेछ।
- स्थानीय संचार माध्यम, विद्युतिय छापाहरुलाई नियमन, प्रबर्द्धन तथा संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।
- वडा कार्यालयहरु बीच इन्टरनेटको माध्यमबाट रिपोर्ट प्रेषण तथा सूचना आदान प्रदान गर्ने प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

- पालिकाको समग्र कार्यक्रम तथा योजना एबम् प्रगतिहरु आम नागरिक समक्ष पुऱ्याउन पालिकाको गतिविधि समेटिएको रेडियो तथा टेलिभिजन कार्यक्रम संचालन गरिनेछ।

**५. अन्तर्सम्बन्धित क्षेत्र तर्फका नीति तथा कार्यक्रमहरु**

**क. वन, वातावरण, जलाधार, भूसंरक्षण तथा जैविक विविधता तर्फका नीति तथा कार्यक्रमहरु**

- "चन्द्रकोट गाउँपालिकाको रहर, स्वच्छ र हराभरा गाउँ तथा शहर" भन्ने नारालाई व्यवहारतः लैजान वनमा आधारित उद्यमशिलता विकासका लागि साझेदारी कार्यक्रम संचालनमा जोड दिइनेछ।
- पालिकाभित्रका सामुदायिक वन, धार्मिक वन, सरकारी वन लगाएत सबै प्रकारका वनलाई बन कार्यालयसँगको समन्वयमा संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
- स्वच्छ बातावरणमा बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न वातावरण मैत्री स्थानीय शासनको अवधारणा अनुरुपविकासका कार्यहरु अगाडि बढाउने नीतिलाई जोड दिइनेछ।
- वनजंगलमा लाग्ने डडेलो नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्दै अग्नि रेखा निर्माण गर्दै लगिनेछ।
- वन जङ्गल, चराचुरुङ्गी, वन्यजन्तु, खनिजपदार्थ, वाताबरण, पर्यावरण, जल उपयोग,वन्यजन्तुको अनाधिकारिक चोरी सिकारी तथा जैविक बिबिधता सम्बन्धि अधिकार क्षेत्रभित्र पर्ने बिषयमा नीति, कानुन, मापदण्ड र योजना बनाई कार्यान्वयनमा निरन्तरता दिइनेछ।
- गाउँपालिकाभित्रको जल क्षेत्रलाई अधिकतम उपयोग गरी दिगो विकास कायम गर्न जलाधार क्षेत्र पहिचान गरी संरक्षण गर्ने नीति ल्याइनेछ।
- डिभिजन वन कार्यालय चन्द्रकोट-कालिगण्डकी सँग समन्वयगरी कृषि तथा निजि वन स्थापना गर्न प्रोत्साहन दिइनेछ।
- विभिन्न स्थानमा जान सक्ने संभावित पहिरो नियन्त्रण तर्फ पूर्व सावधानी तथा तत्काल उद्दारको नीति लिई पहिरो ग्रस्त क्षेत्रमा वृक्षारोपणगरिनेछ।
- सार्वजनिक वन सम्पत्तिको संरक्षण गर्नु प्रत्येकनागरिकको दायित्व भएकोले सो सम्बन्धि जनचेतना दिदै अगाडि बढिनेछ।
- खालि वनपाखा तथा सडकका किनारहरुमा स्वच्छ वातावरण निर्माणको लागि डिभिजन वन कार्यालय संग समन्वय गरीआवश्यक वृक्षारोपण गर्ने नीति ल्याइनेछ।
- जैविक विविधताको संरक्षणबाट बातावरण सवल बनाउन सहयोग पुग्ने हुँदा प्रत्येक वडामा एक जैविक पार्क निर्माणमा जोड दिइनेछ।
- वन जङ्गलमा डढेलो लगाउने, खोलामा विषादीको प्रयोग गरी वातावरणमा असर पुऱ्याउने व्यक्तिको सूचना दिने व्यक्तिलाई सम्मान गरिनेछ।

**ख. न्यायिक समिति तर्फका नीति तथा कार्यक्रमहरु**

- न्याय पाउनु हरेक नागरिकको अधिकार हो भन्ने मान्यतालाई स्थापित गर्न वडा स्तरमा रहेका मेलमिलाप कर्ताको क्षमता विकास गरी वडा स्तरबाटै छिटो, छरितोर सुलभ न्याय प्रणालीको विकास गरिनेछ।
- न्यायिक समितिको क्षमता विकास तथा सिकाई आदानप्रदान गर्न अन्तर स्थानीय तह असल अभ्यास अवलोकनको व्यवस्था मिलाईनेछ।

- सबै नागरिकको न्यायमा पहँच पुर्याउन साथै आफ्ना हक अधिकारका बारेमा आम नागरिकलाई सुसूचित गर्न न्यायिक अधिकार सम्बन्धी नागरिक तहमा अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ।
- न्यायिक कार्य सम्पादनलाई सहज बनाउनको लागि मेलमिलापकर्ता थप गरिनेछ साथै मेलमिलापकर्ताहरुको लागि आधारभुत तालिम संचालन गरिनेछ।

**ग. फोहोरमैला तथा ढल व्यवस्थापन तर्फका नीति तथा कार्यक्रमहरु**

- फोहोर गर्नु सामाजिक अपराध हो भन्ने मान्यतालाई स्थापित गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिकाभित्रको मुख्य बजार शान्तिपुर तथा मजुवा बजार क्षेत्रबाट उत्पन्न हुने फोहोरमैलाको व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ साथै अन्य बजारउन्मुख क्षेत्रबाट समेत फोहर संकलन गरी व्यवस्थित गर्ने नीति लिईनेछ।
- पूराना तथा कवाडीजन्य सामानहरुको संकलन गरी उचित व्यवस्थापन गर्ने प्रवन्ध मिलाइनेछ।
- गाउँपालिकाको मुख्य बजार क्षेत्रहरुमा ढल व्यवस्थापनको कार्यलाई निरन्तरता दिइनेछ।

**घ. जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फका नीति तथा कार्यक्रमहरु**

- जलवायु परिवर्तनको कारणले पर्ने जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुकूलन कार्यक्रम संचालन गरिनेछ।
- विभिन्न प्रकोप तथा विपदमा परेका नागरिकहरुलाई पुनर्स्थापना, संरक्षण र व्यवस्थापनलाई विशेष जोड दिइनेछ।

**ङ. अनुगमन प्रणाली तर्फका नीति तथा कार्यक्रमहरु**

- विकासका विभिन्न आयोजना, सेवा प्रवाह तथा बजार व्यवस्थापनको अवस्था बारे नियमित रुपमा अनुगमन गरी सेवामा सन्तुष्टिको अनुभूति आम नागरिकमा दिलाइनेछ।
- योजना निर्माणको चरणदेखि स्रोत परिचालन, कार्यान्वयन र अनुगमनसम्म स्थानीय जनसमुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
- विकास आयोजनालाई बस्तु निष्ठ बनाउन विकास आयोजनाहरुको तेस्रो पक्षबाट समेत अनुगमन र प्रतिवेदन दिने प्रणालीको विकास गरिनेछ।
- योजना तथा कार्यक्रम एवम् समग्र पालिकाभित्र संचालन हुने सबै गतिविधिहरुको अनुगमन कार्यलाई प्रभावकारी बनाउन विशेष कार्ययोजना बनाई अगाडि बढिनेछ।

**च. <u>दीगो विकासको स्थानीयकरण गर्ने तर्फका नीति तथा कार्यक्रमहरु</u>**

| दीगो विकासका लक्ष्यहरु | स्थानीकरणका लागि तय गरिएका नीति तथा कार्यक्रमहरु |
|---|---|
| **गरिबीको अन्त्य** | गाउँपालिकाभित्र रहेको गरिवीको न्यूनीकरण गर्नका लागि कृषि तथा पशुक्षेत्रमा उत्पादन मूलक क्रियाकलापहरु संचालन गर्ने तथा प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, महिला उद्यमीलाई प्रोत्साहन स्वरुप उनीहरुको प्रस्तावनाको आधारमा आबश्यक अनुदान लगायतका कार्यक्रम संचालन गरिनेछ। |

| | |
|---|---|
| **भोकमरीको अन्त्य** | गाउँपालिका भित्र खाना नपाएरै भोकभोकै मर्नुपर्ने अवस्था नरहेकोमा अव पनि यस्तो अवस्था आउन नदिन गाउँपालिकामा नियमित बजार अनुगमन गरी कृतिम अभाव, अस्वभाविक मूल्य बृद्दि लगायतका क्रियाकलाप हुन नदिने प्रवन्ध गरीनेछ भने नियमित खाद्यान्न लगायतका सामाग्रीको आपूर्तिको लागि सडक क्षमता बृद्धि गरिनेछ। |
| **स्वस्थ र समुन्नत समाज** | स्वस्थ नागरीक स्वस्थ समाज स्वस्थ समाज स्वस्थ गाउँपालिका भन्ने नाराका साथ स्वास्थ्य क्षेत्रका विभिन्न कार्यक्रम संचालन गरिनेछ र नागरिकहरुमा सवल समाज निर्माणका लागि विभिन्न तालिम कार्यक्रम संचालन गरिनेछ। |
| **गुणस्तरीय शिक्षा** | गुणस्तरीय शिक्षा आजको आवश्यकता भन्ने नारालाई पूर्ण गर्न पालिकाभित्र संचालित विद्यालयहरुको क्षमता अभिबृद्दिका लागि विभिन्न किसिमका विद्यालय अनुदान कार्यक्रम संचालन गरिनेछ।यसै गरी मातृत्व र पितृत्व को ठेगान नभएका बालवालीकाहरुलाई गाउँपालिकाले आवासिय सुविधा सहित शिक्षाको उचित प्रवन्ध गर्ने नीति लिइनेछ। |
| **लैङ्गिक समानता** | हाम्रो पालिकाभर, महिला पुरुष दुवै बरावर भन्ने नारालाई व्यवहारत लैजाने प्रयास गरिनेछ र लिङ्गकै आधारमा हुने भेदभावलाई न्यूनीकरण गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ। |
| **स्वच्छ खानेपानी तथा सरसफाई** | गाउँपालिकाभित्र एक घर एक धारा कार्यक्रमलाई सम्पन्न गरिनेछ यसै गरी भएका मुहानहरुको संरक्षण र खानेपानीको स्वच्छतालाई ध्यान दिन आवश्यक व्यवस्था मिलाईनेछ।सरसफाईको लागि फोहर लुकाउने होईन व्यवस्थापन गर्ने हो भन्ने कुरामा आम गाउँपालिकाभित्रका नागरिकहरुलाई चेतनशील बनाउदै कुहिने र नकुहिने फोहर छुट्टा छुट्टै संकलन गर्ने व्यवस्था मिलाईने छ।साथै यस गाउँपालिकालाई प्लाष्टिक मुक्त क्षेत्र बनाई सो को कार्यान्वयन गर्ने प्रवन्ध मिलाइने छ। |
| **स्वच्छ उर्जामा सहज पहुँच** | गाउँपालिकामा बैकल्पिक उर्जाको प्रवर्धनका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। |

| | |
|---|---|
| मर्यादित रोजगार तथा आर्थिक बृद्दि | गाउँपालिकाभित्र संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न आय आर्जन मुलक कार्यक्रम तथा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम जस्ता कार्यक्रमहरुलाई उत्पादन तथा व्यवसायसँग जोडिने छ र लक्षित समुदाय तथा बर्गलाई केन्द्रित गरी कार्यक्रम संचालन गरिनेछ र जनताको आर्थिक संबृद्दिको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ। |
| उद्योग, पूर्वाधार र नवीन सिर्जना | गाउँपालिकाभित्र साना तथा मझौला उद्योगहरु स्थापना गर्न उद्योगीहरुसँग विभिन्न अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ। गाउँपालिकाभित्र सडक, भवन लगायतका पूर्वाधारहरु निर्माणलाई निरन्तरता दिइनेछ। |
| असमानता न्यूनीकरण | समाजमा हुने बर्गिय तथा लैङ्गिक एबम् जातीगत असमानता हटाउनको लागि सचेतना मूलक कार्यक्रम संचालन गरिनेछ र असमानताको कारण पहिचाहन गरी सो को न्यूनीकरण गर्ने नीति अवलम्बन गरिनेछ। छोरा र छोरी दुबैलाई अंश दिने परिवारलाई समाजमा लैङ्गिक समानता कायम राख्न उचित पहल गरेकोमा सम्मान गर्ने व्यवस्था मिलाइनेछ। |
| दीगो शहर र समुदायहरु | गाउँपालिकाभित्रका शान्तिपुर बजार, मजुवा बजार, सोता, दमुका, एक्लेपिपल, रवाघा र वलिवाङ्ग क्षेत्रलाई बजारउम्मुख क्षेत्रहरुमा रुपान्तरण गरिनेछ। |
| जिम्मेवारपूर्ण उपभोग तथा उत्पादन | स्वच्छ खाना तथा उत्पादन तथा सामाग्रीहरु नागरिकले सहज प्राप्ति गर्ने अधिकारलाई शुनिश्चित गर्न उत्पादकहरुलाई जिम्मेवार बनाईनेछ भने वस्तुहरुको गुणस्तरीयता बढाउन उद्योग बाणिज्यसंघको सहकार्यमा व्यवसायि प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ भने समय समयमा बजार अनुगमन मार्फत त्यसको परीक्षण गरिनेछ। |
| जलबायु परिवर्तनमा तत्काल पहल | जलवायु परिवर्तन र यसले पार्न सक्ने प्रभावका बारेमा नागरिक सचेतना कार्यक्रम संचालन गरिनेछ भने पूर्वाधार तर्फ बायो ईन्जिनियरिङ्गको अवधारणा लागू गरिनेछ। |

| | |
|---|---|
| **जमिनमाथीको जैविक विविधताको संरक्षण** | जैविक विविधता संरक्षणका लागि विभिन्न पुराना पोखरीहरुलाई संरक्षण गरी रिचार्ज पोखरीको रुपमा लैजाने पहल गरिनेछ। |
| **शान्ति,न्याय र सशक्त निकाय** | गाउँपालिकाभित्र शान्ति सुरक्षा र अमन चयन कायम गर्न पालिकाभित्र रहेका सुरक्षा निकायसँग समन्वय गरीनेछ यसैगरी नागरिकको न्याय प्राप्तिको लागि स्थानीय न्यायिक समितिलाई थप क्रियाशिल बनाईनेछ। गाउँपालिकालाई नागरीकको नजिकको सरकारका रुपमा थप सशक्त बनाउदै लगिनेछ। |
| **लक्ष्य प्राप्तिका लागि साझेदारी** | दीगो विकासका लक्ष्यलाई प्राप्त गर्न र गाउँपालिकाको समग्र विकास लक्ष्यलाई परिपूर्ति गर्नका लागि अन्तरतह समन्वय र सहकार्यका लागि विभिन्न सरोकारवालाहरुसँग बैठक गोष्ठीहरु संचालन गरिनेछ। |

<u>अन्त्यमा</u>, प्रस्तुत नीति तथा कार्यक्रम यस गाँउपालिकालाई सम्वृद्ध र समुन्नत गराउने दीर्घकालिन सोच र लक्ष्यको मार्गदर्शक दस्तावेज हो। निर्वाचित भएर आएपश्चातको दोस्रो नीति तथा कार्यक्रम तयार गर्ने क्रममा हामीले सम्भव भएसम्म स्थानीयवासी, नागरिक समाज लगायत सरोकारवालाका राय सुझावहरुलाई समेट्ने प्रयास गरेका छु। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्वद्ध सवैको पूर्ण साथ र सहयोग रहने कुरामा म विश्वस्थ रहेको छु ।

अन्त्यमा हामीलाई निरन्तर सहकार्य गरिरहनुहुने संघ प्रदेशका माननिय ज्यूहरु तथा पूर्व माननियहरु, पूर्व कार्यपालिका सदस्यहरु, स्थायी सरकारको रुपमा कार्य गरी अनवरत रुपमा सेवा प्रदान गर्नु भएका प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी वर्ग तथा सम्पूर्ण स्वास्थ्यकर्मीहरु प्रति उच्च सम्मान प्रकट गर्दै उहाँहरुको मनोवललाई उच्च राखि अझ प्रभावकारी ढंगबाट सेवा प्रदान गर्न अझ बढि उत्पेरित भई कार्यमा लाग्न अपिल गर्दछु । साथै सामुदायिक विद्यालयमा गुणस्तरिय शिक्षा प्रदान गर्नको लागि उच्च मनोवलका साथ रुपान्तरण र परिवर्तनका खातिर अनवरत रुपमा खटिरहनु भएका शिक्षक, व्यवस्थापन समितिहरु तथा शिक्षक अभिभावक संघलाई उच्च मनोवलका साथ रुपनान्तरण र परिवर्तन गर्नका लागि अनुरोध गर्दै सम्पुर्ण विद्यार्थी भाईबहिनीहरुलाई मेहनतका साथ अध्ययन गर्न समेत अपिल गर्दछु ।

गाउँपलिका भित्रको शान्ति सुरक्षा कायम गर्नका लागि निरन्तर रुपमा खटि रहनु भएका नेपाल प्रहरीलाई निश्पक्षताका साथ खटि रहन समेत उत्प्रेरित गर्दछु ।

यस गाँउपालिकाको विकास, सम्वृद्धि र सुशासनको अभियानमा प्रत्यक्ष/परोक्ष्य रुपमा योगदान गर्नुहुने गाउँसभा सदस्यहरु, नेपाल सरकार, प्रदेश सरकार, राजनितिक दल, साझेदार संस्था, नागरिक समाज, संचारकर्मी, नीजि तथा गैरसरकारी संघ-संस्थाहरु, उद्योगी व्यवसायी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, स्थानीयवासी लगायत

सरोकारवाला सम्पूर्ण व्यक्तित्वहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दैं आगामी दिनहरुमा समेत रचनात्मक सहयोग र सुझावको अपेक्षा गर्दछु।

**धन्यवाद !**

**मितिः २०८० असार ०६ गते बुधवार।**

**युवराज खत्री क्षत्री**
**अध्यक्ष**

चन्द्रकोट गाउँपालिका, गुल्मी